## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०४/०४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु हँसपुर नगरपालिका धनुषाकी तत्कालीन नगर उपप्रमुख **रेणु देवी झा** समेत १० जना मु.नं (०८१-CR-०१३७) फैसला मिति २०८२/११/२६ | सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **जिल्ला धनुषा, हँसपुर नगरपालिका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडल र तत्कालिन सव-इन्जिनियर विनोद कुमार मण्डललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो रु.७,८१,८१८।०३ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (घ) र सोही ऐनको दफा ३(१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिएको देखिन्छ।<br>• **जिल्ला धनुषा हँसपुर नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.४४,९०,३५०।- कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (ङ) र दफा ३ (१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदावी लिएको देखिन्छ।<br>• **जिल्ला धनुषा हँसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका ईन्जिनियर दिनेश कुमार मण्डललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३६,२२,१६८।०३ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (ङ) र दफा ३ (१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै निज प्रतिवादी दिनेश कुमार मण्डलले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही दफा | **फैसलाः**<br>अभियोग दावी भन्दा फरक दावी लिई आंशिक सजाय गरेको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• मिति २०८१/०३/१९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत प्राविधिक नाप जाँच प्रतिवेदनमा बोल कबोल रेट बमोजिम तत्काल सम्पन भएको बास्तविक कार्य भन्दा रु.७,८१,८१८।०३ बढि भुक्तानी भएको भन्ने प्रतिवेदन रहेको र उक्त रकम फिर्ता भइसकेको भन्ने प्रतिवादीहरुको जिकिर रहेतापनी सो प्रतिवेदनको व्यहोरालाई चुनौति दिने ठोस प्रमाण प्रतिवादी पक्षबाट पेश भएको नदेखिएको।<br>• प्रतिवादीहरु लेखापाल नेत्र लुंगेली र प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडलले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुर गरेको नभई दफा ८(१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुर देखिएको।<br>• बास्तविक रुपमा भएको भन्दा बढी नापी तथा मुल्यांकन प्रतिवेदन पेश गर्ने प्रतिवादीहरु इन्जिनियर दिनेश कुमार मण्डल र सब इन्जिनियर बिनोद मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को बमोजिमको कसूर गरेको देखियो।<br>• संझौताको म्याद थप गर्ने र भए गरेको बास्तविक भन्दा बढी नापी मुल्यांकन गरी प्रथम रनिङ बिल बापतको रकम भुक्तानी गर्ने कार्य समेत भएकोमा उक्त सम्झौता बमोजिमको बैंक जमानत रकम रु.२८,४०,३५०।— को बिषयमा उक्त | • जिल्ला धनुषा, हँसपुर नगरपालिका वडा नं.५ स्थित सुगानिकास देखि कट्टीसम्म पि.पि.सि. ढलान योजना टुक्रा टुक्रा काम गरी रकम निकासा गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा उक्त नगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार सुगा निकास टोलदेखि कट्टीसम्म पी.सी.सी. ढलान कार्य संचालन गर्न देव कन्स्ट्रक्सन, जनकपुरधाम-२ ले मूल्य अभिवृद्धि कर सहित रु.९५,२७,७९३।६६ मा कबोल गरी नगरपालिका र निर्माण व्यवसायी बीच मिति २०७७/०३/१७ मा सोही मिति देखि कार्य शुरु गरी मिति २०७८ जेष्ठ मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ।कार्यादेश पश्चात निर्माण व्यवसायीले प्रथम रनिङ्ग विल बापतको रकम भुक्तानीको लागि निवेदन पेश गरेकोमा नगरपालिकाको प्राविधिक सहितको टोलीले आरोप पत्रको तालिका नं. ४ मा उल्लेख गरे बमोजिमको प्रथम रनिङ्ग विल बापत मूल्य अभिवृद्धि कर सहित जम्मा रु.४३,४०,८७५।५३ मूल्याङ्कन गरी नापी किताव र अनुगमन समितिको सिफारिसको आधारमा कर कट्टी गरी खुद रकम रु.३९,४१,३६१।- मिति २०७८/०३/३१ मा देव कन्स्ट्रक्सनलाई भुक्तानी दिएको देखिन्छ।उक्त कार्यको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनमा नापी किताब र फिल्ड नापजाँच तुलना गर्दा रामललितको घर अगाडिको पी.सी.सी. ढलानको लम्बाई २१३ मिटर भनिए तापनि स्थलगत नापजाँचमा ४५ मिटर मात्रै रहेको, गाछी देखि पी.सी.सी. ढलानको लम्बाई २६० मिटर भनिए तापनि स्थलगत नापजाँचमा १५४ मिटर मात्रै रहेको देखिएको र निर्माण व्यवसायीले गरेको डिस्काउन्ट रेट ४५% लाई आधार मानेर PCC Work in १:२:४ को कबोल दररेट रु.११०००।- प्रति घनमिटरलाई ४५% डिस्काउन्ट रेट गरी मूल्याङ्कन रेट रु.६०५०।-प्रति घनमिटर पर्न आई बास्तविक भए गरेको भन्दा रु.७,८१,८१८।०३ बढी भुक्तानी दिई लिई हानिनोक्सानी गरे गराएको तथ्यमा अदालतको फैसलामै उल्लेख भएको देखिन्छ।<br>• उक्त निर्माण योजनाको निर्माण व्यवसायीले मिति २०७८/०६/०८ गते म्याद थपको लागि हँसपुर नगरपालिकामा निवेदन पेश गरेकोमा नगर सभाको निर्णय अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (२) (ग) बमोजिम मिति २०७८ चैत मसान्तसम्म म्याद थपको लागि तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी, इन्जिनियर दिनेश कुमार मण्डल, तत्कालीन लेखापाल नेत्र लुंगेली र योजना शाखाका कर्मचारी शत्रुधन साहसमेत संलग्न रही टिप्पणी आदेश बमोजिम ठेक्कामा म्याद थप गरिएको देखिन्छ।उक्त म्याद थपको निर्णय गर्दा गराउदा जमानत बापतको रु.२८,४०,३५०।— रकम बराबरको बैक जमानत थप गराएको देखिदैन।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम सम्झौता अन्त्य भएमा उक्त जमानत जफत हुने कानूनी व्यवस्था रहेको स्थितिमा उक्त फर्मसँगको सम्झौता रद्द भएको देखिएको र उक्त फर्मको म्याद थपको निर्णय गर्दा गराउँदा सार्वजनिक निकायले थप गरी दिएको कार्य अवधि (म्याद थप) र निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा **कम्तीमा एक महिना बढी अवधिको कार्य सम्पादन जमानत** लिई मात्र म्याद थप दिनुपर्नेमा सो नगरेको कारणले बैंक जमानतको सुरक्षण अवधि समेत समाप्त भई जमानत जफत गरेको देखिदैन र सो म्यादथप गर्ने कार्यमा तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी, दिनेश कुमार मण्डल, नेत्र लुंगेली, शत्रुधन साह र देव कन्स्टक्सन समेतको स्पष्ट संलग्नता र मिलेमतो देखिएको हुँदा निजहरु उपर सो बिगोमा दावी लिइएको अवस्थामा सोको अन्यथा व्याख्या गरी उल्लेखित बिगोमा संलग्नता रहेका रामलोचन मंडललाई दावी नलिइएको भन्ने तर्क लिई निर्माण व्यवसायीबाट नगरपालिकामा विगो रकम जम्मा भैसकेको भन्ने आधारमा आरोपपत्र दायर भए पश्चात प्रतिवादीहरुले आरोपबाट उन्मुक्ति पाउने नियतले जम्मा गरेको उक्त बिगोलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १९ को उपदफा (२) बमोजिम समेतको सजाय हुन मागदावी लिएको देखिन्छ।<br>• **जिल्ला धनुषा सपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका खरिदार शत्रुधन साहलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२८,४०,३५०।- कायम गरी सोही ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (ङ) र दफा ३ को उपदफा (१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदावी लिएको देखिन्छ।ङ. जिल्ला धनुषा हँसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका तत्कालीन लेखापाल नेत्र लुंगेलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.५२,७२,१६८.०३।—कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) (च) र दफा ३ को उपदफा (१) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन साथै निज प्रतिवादी नेत्र लुँगेलीले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेको हुँदा सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिएको देखिन्छ।<br>• **जिल्ला धनुषा हँसपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयकी तत्कालीन उपप्रमुख रेणु देवी झा र खरिदार ज्ञानेन्द्र कुमार झालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निज प्रतिवादीहरु लाई सोही दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिएको देखिन्छ।<br>• **देव कन्स्ट्रक्सन तथा उक्त कम्पनीका प्रोप्राइटर शुभचन्द्र मण्डललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारलाई सोही ऐनको दफा १७ बमोजिमको कसूरमा बिगो जम्मा रु.५२,७२,१६८।०३ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम साही ऐनको दफा | कार्यमा लेखा उत्तराधिकारी र खरिद अधिकार प्राप्त अधिकारीको हैसियतमा काम गर्ने प्रतिवादी प्रमुख प्रशासकीय अधिकृत रामलोचन मंडलको हकमा आरोप पत्रमा कुनै दावी नरहेको साथै उक्त रकम निर्माण व्यावसायीको तर्फबाट सम्बन्धित नगरपालिकामा जम्मा भैसकेको देखिएको।<br>• आरोप दावीको पेश्की रकम रु.१६,५०,०००।— बापतको रकम निर्माण व्यावसायीबाट फिर्ता भैसकेको देखिएको।<br>• अन्य प्रतिवादी केशव कुमार अधिकारी, रेणु देवी झा र ज्ञान कुमार झा र शत्रुभन साहको बदनियत पुष्टि हुने बस्तुनिष्ठ प्रमाण अभियोजन पक्षबाट पेश हुन सकेको नदेखिंदा आरोप दावी पुग्न सक्ने देखिएन। | आधार बनाई उक्त बिगो नोक्सानीमा संलग्न यि प्रतिवादीहरु केशव अधिकारी समेतलाई सो बिगोको हकमा आरोप दावी नपुग्ने भनी तथा पेश्की रकमको सम्बन्धमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी र लेखापाल नेत्र लुंगेलीको दस्तखत रहेको टिप्पणी आदेशबाट निर्माण व्यवसायीलाई रु.१६,५०,०००/- पेश्की वापतको रकम उपलब्ध गराएकोमा उक्त पेश्की वापतको लिनुपर्ने बैंक जमानत ठेक्काको म्याद थप भएको मिति २०७८ चैत समान्तसम्म नलिई लिन नलगाई **सम्झौता अन्त्य** भएको प्रस्तुत ठेक्काको नियमानुसार उक्त पेश्की रु.१६,५०,०००।- रकम समेत असूल नभई हिनामिना हानिनोक्सानी भएको तथ्य स्थापित भएको अवस्थामा प्रतिवादीहरुले यस आयोगबाट आरोपपत्र दायर भई सकेपछि आरोपबाट उन्मुक्ति पाउने मनसायले जम्मा गरेको उक्त बिगो समेत फरफारक भइसकेको भनी प्रतिवादीहरुलाई उन्मुक्ति हुने गरि भएको उक्त फैसला कानून र कानूनका मान्य सिद्धान्त विपरित भई त्रुटीपुर्ण देखिन्छ यसै सन्दर्भमा सम्मानित ***श्री सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार (ने.का.प.२०७७, अंक १, निर्णय नं.१०४१५) मा*** *"कुनै कसुर गरेको कारण कानुनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न मिल्दैन।फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरु फरक फरक दायित्वहरु हुन। कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरु बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रुपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व बहन गर्दा पर्याप्त हुने भनी व्यख्या गर्न नमिल्ने..."* भन्ने समेतका नजिर सिद्धान्त प्रतिपादन भएको परिवेशमा यि प्रतिवादीहरुलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिने गरी भएको उक्त फैसला उल्लिखित नजिर सिद्धान्तको रोहबाट त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• यसरी, यि प्रतिवादीहरु रामलोचन मंडल, विनोद कुमार मण्डल, दिनेश कुमार मण्डल, नेत्र लुंगेली, रेणु देवी झा, ज्ञानेन्द्र कुमार झा र शुभचन्द्र मण्डलसमेतले आपसी मिलेमतो गरी फिल्डमा अनुगमनमा वास्तविक रुपमा भएको कार्य भन्दा बढी काम भएको देखाई प्रतिवेदनमा हुँदै नभएको कार्य पनि बिलमा समावेश गरी रु.७,८१,८१८।०३ भुक्तानी गरेको देखिन्छ। त्यसै गरी तत्कालिन निमित्त प्रमुख प्रशासकीय अधिकृत केशव कुमार अधिकारी, दिनेश कुमार मण्डल, नेत्र लुंगेली,शत्रुधन साह र देव कन्स्टक्सन समेतको मिलेमतो र संलग्नतामा योजनाको कार्य अवधी (म्याद थप) र निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको कार्य सम्पादन जमानत लिई मात्र म्याद थप दिनुपर्नेमा सो नगरेको कारणले बैंक जमानतको सुरक्षण अवधि समेत समाप्त भई रु.२८,४०,३५०।— जमानत जफत हुन सकेको देखिदैन। त्यसै गरी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादीहरु केशव कुमार अधिकारी, लेखापाल नेत्र लुंगेली तथा देव कन्ट्रक्सनका प्रोपाइटर प्रतिवादी शुभचन्द्र मण्डलको आपसी मिलेमतोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को प्रावधान बमोजिम रु.२० लाख भन्दा बढीको निर्माण कार्य गर्न निर्माण व्यवसायीले बिमा गराउनुपर्नेमा सो कार्य भएको देखिँदैन।सार्वजनिक निकायले ठेक्का सम्झौताको शर्त बमोजिम निर्माण कार्य नगर्ने निर्माण व्यवसायीको ठेक्का अन्त्य गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) बमोजिम बाँकी रहेको मोबिलाईजेशन पेश्कीको बैंक जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा सो बमोजिम उक्त मोबिलाईजेशन पेश्की रकम रु.१६,५०,०००।— समेत असूल भएको नदेखिई **जम्मा रु.५२,७२,१६८।०३** राष्ट्रसेवक प्रतिवादीहरुले अन्य प्रतिवादी देव कन्स्ट्रक्सन तथा उक्त कम्पनीको प्रोप्राइटर शुभचन्द्र मण्डल समेतसँगको मिलोमतो योजनामा आफ्नो पद ओहोदाको दुरुपयोग गरी गराई आफ्नो जिम्मामा रहेको नेपाल सरकार हँसपुर नगरपालिकाको सम्पत्तिको हिनामिना हानिनोक्सानी गरे गराएको तथ्य पुष्टि भई प्रतिवादीहरु रामलोचन मंडल, विनोद कुमार मण्डल, केशव कुमार अधिकारी, दिनेश कुमार मण्डल, नेत्र लुंगेली, शत्रुधन साह र शुभचन्द्र मण्डलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको भ्रष्टाचारजन्य कसूर गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३ को उपदफा (१) (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) (च) र दफा ३ (१) सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु देव कन्स्ट्रक्सन तथा उक्त कम्पनीको प्रोप्राइटर शुभचन्द्र मण्डललाई मुख्य कसूरदार सरह सजाय हुन,साथै, सबै प्रतिवादीहरु रेणु देवी झा समेतबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेतको मागदावी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको देखिन्छ।<br>**फैसला**<br>• प्रस्तुत मुद्दामा वास्तविक रुपमा भएको भन्दा बढीको नापी तथा मुल्यांकन पेश गर्ने प्रतिवादीहरू इन्जिनियर दिनेश कुमार मण्डल र सब इन्जिनियर बिनोद मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूरमा जनही ३ महिना कैद र रू.१०,०००।— (दश हजार) जरिवानाको सजाय हुने, उक्त अवस्थामा बढी रकम रु.७,८१,८१८।०३ भुक्तानी दिने कार्यमा संलग्न प्रतिवादीहरू लेखापाल नेत्र लुंगेली र प्रमुख प्रशासकीय अधिकृत राम लोचन मंडललाई सोही ऐनको दफा ८(१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा जनही ४ (चार) महिना कैद सजाय हुने, त्यसैगरी सो बमोजिम बढी भुक्तानी लिई प्रतिवादी निर्माण कम्पनी देव कन्स्ट्रक्सन तथा सोका प्रोप्राइटर प्र. शुभचन्द्र मण्डललाई सोही कसूरको मतियार भई उल्लिखित ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको कसूरमा ४ (चार) महिना कैद सजाय हुने, जरिवानाको हकमा निज प्रतिवादीहरू लेखापाल नेत्र लुंगेली-१, प्रमुख प्रशासकीय अधिकृत राम लोचन मंडल-१, कम्पनी देव कन्स्ट्रक्सन-१ तथा सोका प्रोप्राइटर प्र. शुभचन्द्र मण्डल-१ बाट दामासाहीले असूल गर्ने गरी जम्मा रु.७,८१,८१८।०३ जरिवाना हुने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरूलाई ठहर भएको जरिवानाको ४ प्रतिशतले हुने रकम क्षतिपुर्ति शुल्कवापत निज प्रतिवादीहरूबाट असुल गर्ने समेत ठहर्छ। | | स्पष्ट देखिंदा देखिंदै निजहरुलाई सोही ऐनको दफा ८(१) (ग)(ङ) को कसुर ठहर कम सजाय र जरिवाना हुने गरी प्रतिवादीहरु मध्येका रामलोचन मंडल, नेत्र लुंगेलीलाई बढी काम भएको देखाई भुक्तानी भएको बिगो रु रु.७,८१,८१८।०३ मात्र कायम गरी तथा प्रतिवादी देव कन्टक्सन तथा सोका प्रोपाइटर शुभचन्द्र मण्डललाई सोही कसुरको मतियार ठहर गरी सोही विगोलाई दामासाहीले जरिवाना र ४(चार) महिना कैद सजाय हुने ठहर्याई तथा प्रतिवादीहरु मध्येका विनोद कुमार मण्डल र दिनेश कुमार मण्डललाई दफा १९ (२) को मात्र कसुर ठहर गरी सोही बमोजिम ३(तीन) महिना कैद र १०,०००।- जरिमानाको सजाय मात्र र अन्य प्रतिवादीहरु केशव कुमार अधिकारी, शत्रुधन साह, रेणु देवी झा र ज्ञानेन्द्र कुमार झा लाई सफाई दिने गरी गरी उल्लिखित तथ्य प्रमाण तथा नजिर सिद्धान्त विपरीत भएको उक्त फैसला कानुन र न्यायको मान्य सिद्धान्तको रोहबाट त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले प्रतिवादी रेणु देवी झा, केशव कुमार अधिकारी, रामलोचन मंडल, दिनेश कुमार मण्डल, नेत्र लुंगेली, ज्ञानेन्द्र कुमार झा, विनोद कुमार मण्डल, शत्रुधन साह, शुभचन्द्र मण्डल र देव कन्स्ट्रक्सनलाई आरोप पत्र मागदावी बमोजिम सजाय गरि पाउन सादर अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • आरोपदावी रहेको कार्य सम्पादन वापतको बिगो रू.२८,४०,५०। बराबरको बैंक जमानत वापतको रकम निर्माण व्यवसायीको तर्फबाट सम्बन्धित नगरपालिकामा जम्मा भैसकेको देखिँदा सो बैंक जमानत वापतको बिगो रू.२८,४०,३५०।– को हकमा आरोपदावी पुग्न नसक्ने र आरोप दावीको पेश्की रू.१६,५०,०००।– बापतको जमानत रकम पेश्की भुक्तानी लिँदाका बखत निर्माण व्यवसायीले राखेको देखिएको हुँदा सो पेश्की बापतको बिगोको हकमा आरोप दावी पुग्न नसक्ने र अन्य प्रतिवादीहरू केशब कुमार अधिकारी, रेणु देवी झा, ज्ञानेन्द्र कुमार झा र शत्रुघन शाहले आरोप दावीबाट सफाई पाउने ठहर्छ भनी विशेष अदालतबाट फैसला भएको देखिन्छ। | | |